NEPAL BANGLADESH BANK

"A" Class Financial Institution Licensed by Nepal Rastra Bank.

*Ref No.: NB:HO:Share(CS)(01):37./2077/078*

मिति : २०७८/०९/२९

श्री नेपाल स्टक एक्सचेन्ज लि.,
सिंहदरबार प्लाजा, काठमाण्डौं ।

NEPAL BANGLADESH BANK LTD. HEAD OFFICE

बिषय : नबिल बैंक लिमिटेड र नेपाल बङ्गलादेश बैंक लिमिटेडबिच एक्विजिसन सम्बन्धी सम्झौता (MOU) स्वीकृत भएको सूचना ।

महोदय,

उपरोक्त सम्बन्धमा नेपाल बङ्गलादेश बैंक लिमिटेडको मिति २०७८/०९/२९ गते साँझ ३:०० बजेदेखि ४:३० बजेसम्म बसेको ३८५ औं सञ्चालक समितिको बैठकले नबिल बैंक र नेपाल बङ्गलादेश बैंकबीच एक्विजिसन सम्बन्धी प्रारम्भिक सम्झौता (MOU) लाई स्वीकृत गरेको छ । एक्विजिसन (प्राप्ति) सम्बन्धी प्रकृया अगाडि बढाउनका लागि गठित संयुक्त मर्जर/एक्विजिसन कमिटिले गरेको सिफारिश बमोजिम बैंकको सञ्चालक समितिले उपरोक्त सम्झौतापत्रलाई सर्वसम्मतिले स्वीकृत गरेको हो । नबिल बैंक लिमिटेडले नेपाल बङ्गलादेश बैंक लिमिटेडलाई प्राप्ति (Acquire) गर्नको लागि भएको सो समझदारी पत्र (MOU) अनुसार पछि DDA रिर्पोट बमोजिम कायम हुने गरी हाललाई नेपाल बङ्गलादेश बैंकको १०० कित्ता शेयर बराबर नबिलको ४३ कित्ता शेयर आदान-प्रदान अनुपात (Swap Ratio) रहने गरी सैद्धान्तिक सहमति भएको व्यहोरा अनुरोध गर्दछौं । उक्त सम्झौतापत्रमा नेपाल बङ्गलादेश बैंकका तर्फबाट सञ्चालक श्री इन्द्रबहादुर थापालाई हस्ताक्षर गर्न सञ्चालक समितिले अख्तियारी प्रदान गरेको र सोही अनुसार दुबै बैंकबीच प्राप्ति सम्बन्धी सम्झौतापत्रमा मिति २०७८/०९/२९ गते साँझ ६:३० बजे हस्ताक्षर समेत सम्पन्न भएको व्यहोरा अनुरोध गर्दछौं । धन्यवाद !

भवदीय,

विश्वप्रकाश पौडेल
कम्पनी सचिव

**Head Office**
Kamaladi, Kathmandu, Nepal, P.O. Box : 9062, Phone : 4233780/ 81/ 82/ 83/ 84/ 85, Fax : 977-1-4233776, SWIFT : NPBBNPKA